कार्यपालिका बैठक संख्या :- ९८
बैठक मिति :- २०७८।०१।१४
अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा तिब्रदरमा बढी रहेको अवस्थालाई गम्भिरता पूर्वक लिदै यस इटहरी उपमहानगरपालिका क्षेत्र भित्र कोभिड १९ बाट मृत्यू भएका मृतकहरुको आफन्तजनबाट आफ्नो धर्म संस्कृती अनुसार जलाएर दाहसंस्कार गर्नु पर्ने भएमा इटहरी उपमहानगरपालिकाको वडा नं. ११ स्थित भागलपुर बुढी खोला पुल उत्तरको ठाउँमा दाहसंस्कार गर्ने र खाल्डो खनि जमिन मुनि पुर्नु पर्ने भएमा शवलाई इटहरी २ स्थित जंगलमा आफ्नो संस्कार अनुसार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा तिब्रदरमा बढी रहेको अवस्थालाई गम्भिरता पूर्वक लिदै संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि इटहरी ९ स्थित रंगशालामा १० बेडको अक्सिजन सहित जम्मा ५० बेडको आइसोलेशन (३० पुरुष, २० महिला) सेन्टर स्थापना गर्ने र उक्त आइसोलेशनको सुरक्षार्थ नेपाल प्रहरी र नेपाली सेनालाई अनुरोध गर्ने र इटहरी अस्पतालमा १० वटा अक्सिजन सिलिण्डर खरिद गरी स्टोर गरी राख्ने निर्णय गरियो । साथै आइसोलेशनमा बस्ने बिरामीको दैनिक खाद्यन्न व्यवस्थापनका लागि सम्बन्धित व्यक्तिलाई व्यहोर्न अनुरोध गर्ने र नसक्नेको हकमा उपमहानगरपालिकाबाट नै व्यहोर्ने ।

**निर्णय नं. ३**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा तिब्रदरमा बढी रहेको अवस्थालाई गम्भिरता पूर्वक लिदै सम्भावित संक्रमणलाई मध्यनजर गर्दै सम्पूर्ण नगरबासीहरुले सुरक्षाको उपायहरु अवलम्बन गर्ने, माक्स, सेनीटाइजर अनिवार्य रुपमा प्रयोग गरी नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्दै नगरक्षेत्र भित्र लाग्ने साप्ताहिक हाटबजारमा दैनिक उपभोग्य सामान, खाद्यन्न, हरियो सागसब्जी मात्र बेचबिखन गर्न पाउने अन्य हाटबजारमा लाग्ने व्यापार व्यवसाय पूर्ण रुपमा बन्द गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सूचना प्रचार प्रसार तथा माईकिङ्ग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यका लागि वडा/वडामा खटिएका कर्मचारी तथा वडास्तरीय सहजीकरण समितिका सदस्यहरुलाई चिया तथा खाजा खर्च वापत रु.२५,०००। (पच्चिस हजार) एकमुष्ठ पेश्की उपलब्ध गराउने र कार्य सम्पन्न पश्चात पेश्की फर्च्यौट गर्ने गरी विविध शिर्षकबाट रकम उपलब्ध गराउने साथै उक्त सहजीकरण समितिलाई आवश्यक पर्ने स्टेशनरी सामाग्रीहरु नगरकार्यपालिकाको कार्यालयबाट नै उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको वडा नं. १९ को च.नं. ८६७ मिति २०७७।१२।२९ को पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना अन्तर्गत छनौट भई उक्त कार्यक्रममा सहभागी हुन सूचिकृत भएका व्यक्तिहरुबाट फोहोर व्यवस्थापन पूर्वाधारको मर्मत सम्भार अन्तर्गत १२ नं. वडाका मुख्य सडकका नाला मर्मत तथा सरसफाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कोभिड १९ को संक्रमणको जोखिम न्यूनिकरण गर्न आवश्यक बस्तु, उपकरण र सवारी तथा औषधी व्यवस्थापन गर्न न.पा.को स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गतको स्वास्थ्य शाखाबाट महाशाखा सँग समन्वय गरी जिन्सी शाखा बाट खरिद प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाको चालु आ.ब. २०७७।०७८ को बिनियोजित देहायका शिर्षकमा रहेको रकम देहाय बमोजिमको शिर्षकमा रुपान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | बिनियोजित शिर्षक | रकम | रकमान्तरण शिर्षक |
|---|---|---|---|
| १ | पानी बिजुली, २२१११ | ५ लाख | कार्यालय संचालन खर्च थप शिर्षक नं. २२७११ (१० लाख) |
| २ | संचार, २२११२ | ५ लाख | |

**निर्णय नं. ८**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा तिब्रदरमा बढी रहेको अवस्थालाई गम्भिरता पूर्वक लिदै सम्भावित संक्रमणलाई मध्यनजर गर्दै नगरक्षेत्रमा संचालित आ.ब. २०७७।०७८ का आयोजना संचालन गर्दा आयोजना कार्य गर्ने जनशक्तिलाई आवश्यक सुरक्षाको उपायहरु अवलम्बन गर्दै मास्क, सेनीटाइजर, फेससिल्ड अनिवार्य रुपमा प्रयोग गरी नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्दै कामकाजमा लगाउने व्यवस्था मिलाउन निर्माण व्यवसायी र उपभोक्ता समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाडौको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना प्रथम पटक मिति २०७८।०१।०५ गते प्रकाशन भएको र यस कार्यालयबाट उपमहानगरपालिका क्षेत्र भित्र मिति २०७८।०१।०९ गते देखि सबै वडामा लगत संकलन कार्य भई रहेकोमा विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड १९ को संक्रमण हालका दिनहरुमा तिव्रदरमा बढिरहेको र यस उपमहानगरपालिकाका कर्मचारीहरुमा समेत कोरोना पोजेटिभ देखिएको र लगत संकलन कार्यमा अत्याधिक भिडभाड भई सर्वसाधारण, जनप्रतिनिधि तथा कर्मचारीहरुमा संक्रमणको उच्च जोखिम रहेको हुँदा उक्त लगत संकलन कार्य हाललाई स्थगित गरी भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल काठमाडौंलाई पछि वातावरण सहज भए पछि पुनः सूचना प्रकाशित गरी लगत संकलन कार्य गर्नका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिकाको वडा नं. १७ स्थित सुर्योदय मार्ग कालोपत्रेका लागि मिति २०७७।०३।२५ गते सम्म निर्माण सम्पन्न गर्ने म्याद भएको र समयमा विविध कारण वस निर्माण कार्य सम्पन्न नभएको हुदा उक्त योजनाको म्याद मिति २०७७।१२।३१ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत